निजगढ नगरपालिका
नगर कार्यपालिका कार्यालय
निजगढ बारा
२०७३

आज मिति २०७७ साल श्रावण १८ गते बुधबारका दिन निजगढ नगरपालिकाको नगर सभाको छैठौं अधिवेशनको तेश्रो बैठक यस नगरपालिकाको प्रमुख तथा नगर सभाको अध्यक्ष श्री सुरेश कुमार खनालज्यूको अध्यक्षतामा बस्यो। उक्त बैठकको उपस्थिति र निर्णय देहाय अनुसार रहेको छ।

उपस्थिति:

| सि.नं. | निर्वाचित पद | निर्वाचित पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | प्रमुख | श्री सुरेशकुमार खनाल | |
| २. | उपप्रमुख | श्री लिला देवी लामीछाने खनाल | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री मंगले लोप्चन | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री केशव प्रसाद उपाध्याय ढोडारी | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री जीत बहादुर तामाङ | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री जयराम कुमार | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री थल प्रसाद गौतम | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री कुश बहादुर थापा | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री रामजीप्रसाद बजगाई | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री टेक बहादुर लामा | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री सुदर्शन प्रसाद बडाल | |
| १२. | वडा अध्यक्ष वडा न १० | श्री पदम बहादुर मोक्तान | |
| १३. | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम बहादुर रुम्बा | |
| १४. | वडा अध्यक्ष वडा नं. १२ | श्री ज्ञान बहादुर गोले | |
| १५. | वडा अध्यक्ष वडा नं. १३ | श्री सुर्य घलान | |
| १६. | नगर कार्यपालिका सदस्य | जगत कुमारी अधिकारी | |
| १७. | नगर कार्यपालिका सदस्य | निमोदेवी विश्वकर्मा | |
| १८. | नगर कार्यपालिका सदस्य | मिनमाया लामा | |
| १९. | नगर कार्यपालिका सदस्य | राधा कुमारी पुलामी मगर | |
| २०. | नगर कार्यपालिका सदस्य | लक्ष्मी गौतम | |

| | | | |
|---|---|---|---|
| २१. | नगर कार्यपालिका सदस्य | पदम बहादुर भुजेल | |
| २२. | नगर कार्यपालिका सदस्य | पवन विश्वकर्मा | |
| २३. | नगर कार्यपालिका सदस्य | सरिता राई, दनुवार | |
| २४. | महिला सदस्य | श्री सोपिला गुरुङ | |
| २५. | दलित महिला सदस्य | श्री दिल माया नेपाली | |
| २६. | सदस्य एक | श्री मंजु कुमर कछडिया | |
| २७. | सदस्य दुई | श्री राधिका खड्का | |
| २८. | महिला सदस्य | श्री इन्द्र देवी थापा | |
| २९. | दलित महिला सदस्य | श्री मन माया विक | |
| ३०. | सदस्य एक | श्री बखत बहादुर राई | |
| ३१. | सदस्य दुई | श्री मिन बहादुर दर्लामी मगर | |
| ३२. | महिला सदस्य | श्री कल्पना कुमारी तिमल्सिना | |
| ३३. | दलित महिला सदस्य | श्री चनी विक | |
| ३४. | सदस्य एक | श्री खड्ग बहादुर खुलाल | |
| ३५. | महिला सदस्य | श्री मिना देवी राउत कर्मी | |
| ३६. | दलित महिला सदस्य | श्री लिला माया सुनार | |
| ३७. | सदस्य एक | श्री कृति बहादुर भण्डारी | |
| ३८. | सदस्य दुई | श्री टेक बहादुर घिमीरे | |
| ३९. | सदस्य एक | श्री सुर्य बहादुर अधिकारी | |
| ४०. | सदस्य दुई | श्री सुर्य बहादुर थापा मगर | |
| ४१. | महिला सदस्य | श्री मिथिला देवी घिमीरे | |
| ४२. | दलित महिला सदस्य | श्री मिना सुनार | |
| ४३. | सदस्य एक | श्री दल बहादुर वाइबा | |
| ४४. | सदस्य दुई | श्री राम प्रसाद हुमागाई | |
| ४५. | दलित महिला सदस्य | श्री सुभद्रा विश्वकर्मा | |
| ४६. | सदस्य एक | श्री राम बहादुर माझी | |
| ४७. | सदस्य दुई | श्री शान्ति माया तामाङ | |

निजगढ नगरपालिका
नगर कार्यपालिका कार्यालय
निजगढ बारा
२०७३

| | | |
|---|---|---|
| ४८. | महिला सदस्य | श्री मनमाया तामाङ |
| ४९. | दलित महिला सदस्य | श्री परमिला देवी सुनार |
| ५०. | सदस्य एक | श्री प्रेम बहादुर घिमीरे खत्री |
| ५१. | सदस्य दुई | श्री विदर खड्का |
| ५२. | महिला सदस्य | श्री पुन्यश्वरी श्रेष्ठ |
| ५३. | दलित महिला सदस्य | श्री इन्द्र कुमारी सुनार |
| ५४. | सदस्य एक | श्री जगत बहादुर न्यौपाने |
| ५५. | महिला सदस्य | श्री सरीता रिमाल |
| ५६. | दलित महिला सदस्य | श्री मखनी कामी |
| ५७. | सदस्य एक | श्री अम्वीर सिंङतान |
| ५८. | सदस्य दुई | श्री जमान सिंह घलान |
| ५९. | महिला सदस्य | श्री कुन्ती देवी धामी |
| ६०. | दलित महिला सदस्य | श्री रिमा कुमारी विक |
| ६१. | सदस्य एक | श्री नर बहादुर थापा |
| ६२. | सदस्य दुई | श्री उदय नारायण गुरो |
| ६३. | महिला सदस्य | श्री विना माया स्याङतान |
| ६४. | दलित महिला सदस्य | श्री बुद्धीमाया विश्वकर्मा |
| ६५. | सदस्य एक | श्री चन्द्र बहादुर लामा |
| ६६. | सदस्य दुई | श्री टेक बहादुर स्याङतान |
| ६७. | महिला सदस्य | श्री फुलमाया तामाङ स्याङतान |
| ६८. | दलित महिला सदस्य | श्री धन कुमारी विश्वकर्मा |
| ६९. | सदस्य एक | श्री दीपक न्यौपाने |
| ७०. | सदस्य दुई | श्री सुर्य बहादुर थोकर |

निर्णयहरुः

(१) लगानी मैत्री वातावरणको सिर्जना गर्दै निजगढ क्षेत्र भित्र पर्याप्त मात्रमा आन्तरिक तथा बाह्य लगानी प्रोत्साहित गर्न एवं निजगढ नगरपालिकालाई नेपालकै नमूना स्मार्ट सिटीको रुपमा विकास एवं रुपान्तरण गर्न आवश्यक रहेका उपयुक्त एवं प्रभावकारी अल्पकालीन तथा दीर्घकालीन नीति, योजना, कार्यक्रम, गुरु योजना तर्जुमा गरी क्रमशः कार्यान्वयन गर्दै लैजाने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

(२) स्मार्ट सिटीको अवधारणलाई मूर्तता दिंदै हरेक दृष्टिकोणले विकसित, समृद्ध तथा अत्याधुनिक प्रविधिमैत्री निजगढ नगरपालिकाको निर्माण गर्न पर्याप्त श्रोत साधनहरुको व्यवस्था गर्नु पर्ने सन्दर्भमा सोको लागि यस नगरपालिका भित्र अधिकतमरुपमा बाह्य लगानी तथा प्रविधि भित्र्याउनु पर्ने आवश्यकता रहेको हुँदा यसै आ.ब.भित्र यस नगरपालिकामा लगानी सम्मेलन आयोजना गर्ने निर्णय गरियो ।

(३) निजगढ नगरपालिकाबाट आ.ब. २०७७/०७८ मा संचालन हुने योजना तथा कार्यक्रममा अधिकतम रुपमा जनसहभागिता जुटाई संचालन गर्नु पर्ने भएकोले कार्यान्वयन हुने योजना तथा कार्यक्रममा १० प्रतिशत नगद जनसहभागिता अनिवार्य गर्ने निर्णय गरियो । साथै, रु. १५ लाख भन्दा बढी रकमको योजनाहरु संचालन गर्दा कानून बमोजिम टेन्डर प्रतिस्पर्धाको माध्यमबाट कार्यान्वयन गर्ने निर्णय गरियो । तर, संघ, प्रदेश तथा स्थानीय तहको संयुक्त बजेटबाट संचालन हुने योजना तथा कार्यक्रमहरुको हकमा नगर कार्यापालिकाले उपभोक्ता समितिबाट संचालन गर्ने निर्णय गरेमा सोही बमोजिम कार्यान्वयन गर्न सकिने निर्णय समेत गरियो ।

(४) निजगढ नगरपालिका भित्र भौतिक पूर्वाधार विकासका योजनाहरु संचालन गर्दा दिगोपना, गुणस्तरीयता एवं वातावरण मैत्री जस्ता पक्षमा जोड दिई संचालन गर्ने निर्णय गरियो ।

सुरेशकुमार खनाल
नगर प्रमुख

Sangam

(५) निजगढ नगरपालिकाबाट सम्पादन हुने विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा अनुगमन, मूल्यांकन, सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने कार्यलाई थप प्रभावकारी बनाउँदै लैजाने निर्णय गरियो ।

(६) निजगढ नगरपालिका भित्र उत्सर्जन हुने फोहरमैला संकलन तथा रिसाइक्लिङ गर्ने तथा ढल व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन निजी क्षेत्र सँगको साझेदारी तथा सहकार्यमा फोहरमैला व्यवस्थापन कार्य अघि बढाउनुका साथै अन्य आवश्यक व्यवस्था तथा संयन्त्रको निर्माण गरी निजगढ नगरपालिकालाई स्वच्छ हरित शहरको रुपमा विकास गर्ने रणनीति अवलम्बन गर्ने निर्णय गरियो ।

(७) आवश्यक सम्पूर्ण कार्यहरु यथाशीध्र सम्पन्न गर्दै निजगढ नगरपालिकालाई आ.ब. २०७७/०७८ भित्र बाल श्रम तथा बाल विवाह मुक्त नगरपालिका घोषणा गर्ने निर्णय गरियो । साथै, निजगढ नगरपालिकामा रहेका महिला, बालबालिका, जेष्ठ नागरिकहरु तथा अपांग नागरिकहरुको सशक्तिकरणका साथै नगर कार्यपालिकाको कार्यलयमा कार्यरत महिला कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

(८) नगर सभाको अधिवेशन सामान्यतया: ६ महिनाको अन्तरालमा आव्हान हुने हुँदा निजगढ नरपालिकाको नगर सभाको अधिवेशन जारी नरहेको बखत संक्रामक रोग कोभिड १९ सहित विपत् व्यवस्थापन लगायत नगर सभाबाट निर्णय गर्नु पर्ने अत्यावश्यक देखिएको अन्य कार्यका सम्बन्धमा तत्काल निर्णय गर्नु पर्ने अवस्था आइपरेमा नगर सभाबाट पछि अनुमोदन गराउने गरी निजगढ नगरपालिकाको नगर कार्यपालिकाको निर्णयबाट कार्य सम्पादन गर्न गराउन नगर कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

(९) आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा निजगढ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट भए गरेका निर्णय र सो सम्बन्धमा भए गरेका काम कारवाही अनुमोदन गर्ने निर्णय गरियो ।

(१०) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३(१) बमोजिम निजगढ नगरपालिका क्षेत्र भित्र निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट निर्धारण गरीएकोमा सो अनुमोदन गरी लागू गर्ने निर्णय गरीयो ।

(११) निजगढ नगरपालिकाको नगरकार्यपालिकाको देहायका मितिहरुमा बसेको देहायका निर्णयहरु समर्थन गर्दै अनुमोदन गर्ने निर्णय गरियो ।
मिति २०७६।०३।१ गतेको निर्णय नं. ९ (श्री सुदिपा ट्रेडिङ्लाई भुक्तानी दिने बिषय)
मिति २०७६।०३।२१ गतेको निर्णय नं. १ (रकम मिन्हा दिने बिषय)

(१२) यस नगरपालिकाको राजस्व संकलनमा प्रभावकारिता ल्याउँदै अभिवृद्धि गर्न अपडेटेड कम्प्युटीकृत सफ्टवेयर प्रणाली अवलम्बन गर्दै जाने निर्णय गरियो । साथै, निजगढ नगरपालिकाको नक्सा प्रणालीमा सुधार गर्दै सरल, सहज एवं गुणस्तरीय बनाई अधिकतमरुपमा सेवाग्राही मैत्री प्रणाली अवलम्बन गर्नु पर्ने सन्दर्भमा यस नगरपालिकामा यथाशीध्र Electronic Building Permit System (e-BPS) लागू गर्ने निर्णय गरियो ।

(१३) यस नगरपालिकामा आइ पर्न सक्ने बाढी, डुबान, बाँध कटान लगायत अन्य प्राकृतिक विपतको साथै कोभिड १९ को जोखिम न्यूनीकरणका लागि नगरपालिकासँग उपलब्ध सीमित श्रोत साधनको महत्तम प्रयोग गर्नुका साथै यस नगरपालिकाको प्रमुखको संयोजकत्वमा रहेको स्थानीय विपद व्यवस्थापन समितिले निर्णय गरे बमोजिम विपत् पूर्व वा पश्चात् उद्दार तथा राहत कार्यको पूर्वतयारी वा व्यवस्थापनका लागि अत्यावश्यकीय खाद्य तथा राहत उद्दार सामाग्रीहरु तथा विभिन्न स्वास्थ्य सामाग्रीहरु नगर कार्यपालिकाको अनुमोदन सहित आवश्यकतानुसार तत्कालै खरीद गर्ने वा उक्त सामानहरु नगर कार्यपालिकाको कार्यालयमा सुरक्षितरुपमा भण्डारण गरी राख्न सक्ने निर्णय गरियो ।

(१४) यस नगरपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्दै नगरपालिकामा आर्थिक समृद्धिमा टेवा पुर्याउन मकवानपुर जिल्लाको बकैया गाउँपालिका सँगको समन्वयमा यस नगरपालिकाको वडा नं. ४ स्थित मोहरी पार्कसम्म बिन्दू रहने गरी निजी साझेदारीमा जिपलाईन स्थापना गरी

संचालन गर्नुका साथै यस नगरपालिकाको वडा नं. ४ स्थित शहिद हिरालाल पार्क क्षेत्रलाई कुनै असर नपर्ने गरी सो बाहेकको क्षेत्र समेटिने गरी यस नगपालिकाको वडा नं. ४ र ५ चुरेको फेद रहेको भूगोलमा निजी क्षेत्रको समेत सहभागिता जुटाई अत्याधुनिक भर्चुअल प्रविधिमा आधारित सिकाइमूलक विज्ञान तथा प्रविधि पार्क निर्माण गरी संचालन गर्ने निर्णय गरियो ।

(१५) नगर कार्यपालिकाको कार्यालयले प्रदान गर्ने सेवा प्रवाह तथा विकासीय गतिविधिहरुकमा सरलता, सहजता, गुणस्तरीयता कायम गर्दै स्वच्छता एवं पारदर्शीता प्रबर्द्धन गर्न यथाशीघ्र आन्तरिक व्यवस्थापन तथा नियन्त्रण कार्यविधि तर्जुमा गरी नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुमा कार्यान्वयन गर्ने निर्णय गरियो । साथै, यस नगर कार्यपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालयहरुबाट प्रदान गरिने सेवाहरु यथासंभव अनलाईन गर्ने निर्णय गरियो ।

(१६) आ.ब. २०७७/०७८ भित्र यस नगरपालिकाको सबै वडा कार्यालयहरुमा विद्युतीय हाजिरी प्रणाली जडान गर्नुका साथै नगर कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयहरुमा सुरक्षा तथा पारदर्शिता प्रबर्द्धन गर्न आवश्यकतानुसार सिसीटिभी जडान थप एवं विस्तार गर्दै लैजाने निर्णय गरियो

(१७) नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णयद्वारा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ बमोजिम यस नगरपालिकाको स्थानीय सेवाको विभिन्न सेवा, पद तथा तहमा समायोजन भई नगर कार्यपालिकाको कार्यालयमा हाजिर भएका कर्मचारीहरुका साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८५(३) बमोजिम यस नगरपालिकाको स्थानीय सेवाको तत् तत् सेवा, पद र तहमा स्वत: समायोजन भएका कर्मचारीहरुको समायोजन अभिलेख किताब खडा गरी सो अभिलेख यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरी अद्यावधिक राख्ने निर्णय गरियो ।

(१८) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(२) बमोजिम यस नगरपालिकाको स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त सुविधा सम्बन्धी अन्य व्यवस्था सम्बन्धमा नगर सभाबाट कानून नबनी सकेको अवस्था हुँदा यस नगरपालिकाको स्थानीय सेवाको

कर्मचारीहरुको हकमा साबिकको स्थानीय स्वायत्त शासन नियमावली, २०५६ मा नगरपालिकाको कर्मचारी सम्बन्धमा भए गरेका सम्बन्धित प्रासंगिक प्रावधान तथा व्यवस्थाहरुलाई आधार लिई निर्णय गरिंदै आएकोमा सोलाई कानून नबने सम्मका लागि निरन्तरता दिने निर्णय गरियो ।

(१९) यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले कार्यालय समय बाहेकको समय वा सार्वजनिक बिदाको दिन कार्यालयको काम गर्नु परेमा वा निजले गठन गरेको समिति, कार्यदल, टोली वा निजले खटाएको कुनै कर्मचारीले उल्लेखित समय वा दिनमा कामकाज गरेमा त्यसरी काम गरेको प्रति दिन खाना/खाजा र यातायात खर्च बापत एकमुष्ठ जनही रु.१०००।– उपलब्ध गराउने निर्णय गरियो ।

(२०) यस नगरपालिकाको जनप्रतिनिधिहरुलाई प्रदेश कानून बमोजिम प्राप्त हुने सेवा सुविधा भुक्तानी गर्ने तथा निरन्तरता दिने निर्णय गरियो ।

(२१) यस नगरपालिकाको गत आ.ब. २०७६/०७७ को स्वीकृत बजेट, योजना तथा कार्यक्रम बमोजिम नगरपालिकाको विभिन्न वडाहरुमा संचालन भएका योजनाहरुको कार्यान्वियनका लागि हाल सम्म सम्पन्न भएको उपभोक्ता समितिहरुको गठन कार्य तथा सो सँग सम्बन्धित सम्पूर्ण प्रक्रियालाई अनुमोदन गर्दै समर्थन गर्ने निर्णय गरियो ।

(२२) नगर कार्यपालिकाको निर्णयानुसार नगर कार्यपालिकाको कार्यालयबाट आर्थिक सहायता सम्वन्धमा भए गरेको खर्च र भुक्तानीलाई समर्थन गर्दै अनुमोदन गर्ने निर्णय गरियो ।

(२३) निजगढ नगरपालिकाद्वारा आ.ब. २०७६/०७७ मा संचालित र सम्पन्न भएका हालसम्मका योजनाहरुको समर्थन गर्दै अनुमोदन गर्ने निर्णय गरियो ।

(२४) चालु आ.ब. २०७६/०७७ मा नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत भई संचालनमा रहेका योजना तथा कार्यक्रमहरुको हकमा बजेटको अभाव हुन गई भुक्तानी हुन बाँकी रकमहरु नगर कार्यपालिकाको कार्यालयद्वारा प्रमाणित भुक्तानी हुन बाँकीको कच्चावारीमा चढेको विवरण

बमोजिम नगर सभाबाट स्वीकृत भएको यस नगरपालिकाको आगामी आ.ब. २०७७/०७८ बजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

(२५) निजगढ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका लागि बार्षिकरुपमा प्रस्ताव गरिएको बार्षिक तलबी प्रतिवेदन, पारिश्रमिक, सुविधा समेत अनुसूचिमा उल्लेख भए अनुसार स्वीकृत गरियो । साथै, नेपाल सरकारबाट निजामती कर्मचारीको तलब भत्तामा परिवर्तन भए सोलाई आधार मानी यस नगरपालिकाको स्थानीय सेवा तथा अन्य सेवाका कर्मचारीहरुको सेवा सुविधामा परिवर्तन गर्ने अधिकार नगर कार्यपालिकालाई दिने निर्णय गरियो । साथै, स्थायी नियुक्ति लिई यस नगरपालिकामा विभिन्न मितिमा हाजिर भई कार्यरत रहेका कर्मचारीहरुको हकमा कानून बमोजिम अन्यथा माग गरेको अवस्थामा बाहेक निजहरुको चाडपर्व खर्च भुक्तानीमा एकरुपता कायम गर्न उपयुक्त हुने देखिएकोले नेपालीहरुको महान् चाड दशैं अगाडि नगर कार्यपालिकाको कार्यालयबाट भुक्तानी दिइने तलबमा उक्त चाड पर्व खर्च वापत नियमानुसार पाउने रकम समावेश गरी भुक्तानी दिने निर्णय गरियो ।

(२६) यस नगरपालिकाको स्वामित्व तथा संरक्षणमा रहेको सार्वजनिक मठ मन्दिर, गुम्बा, मस्जिद, पाटी, पौवा, प्राचीन स्मारक, ताल तलैया, पोखरी, पार्क, पर्ती जग्गा, सार्वजनिक जग्गा, खेलकूद मैदान, देवालय तथा सार्वजनिक सम्पत्तिहरुको अभिलेखलाई अद्यावधिक गरी संरक्षण गर्ने निर्णय गरियो।

(२७) निजगढ नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरु मध्ये कार्यालयको अत्यधिक कार्यबोझ भई कार्यालय समय बाहेकको अतिरिक्त समय र सार्वजनिक बिदाका दिनहरुमा समेत काम गर्नुपर्ने कर्मचारीहरुको हकमा निजहरुलाई काम प्रति थप उत्प्रेरित गर्दै प्रतिफलमुखी बनाउने र कार्यालयबाट प्रवाह हुने सेवा सुविधामा गुणस्तरीयता एवं प्रभावकारिता ल्याउन निजगढ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा निजद्वारा गठीत ३ सदस्यीय समितिले निर्धारण गरेको कार्य सम्पादन सूचकका आधारमा उक्त समितिबाट निर्णय भए बमोजिम तोकिएका कर्मचारीहरुलाई खाइपाइ आएको तलबको तोकिएको प्रतिशतले हुन आउने रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

(२८) निजगढ नगरपालिकाको नगर कार्यपालिकाले निर्णय गरे बमोजिम वा निजगढ नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम नगर कार्यपालिकाको कार्यालयबाट विभिन्न मितिमा विभिन्न पदमा करारमा सेवा लिने गरी हाल सम्म भएका नियुक्ति, निर्णयहरु समर्थन गर्दै अनुमोदन गर्ने निर्णय गरियो । साथै, यस नगरपालिकाको स्वीकृत कुनै दरबन्दीमा कुनै कर्मचारी स्थायी नियुक्ति भई सिफारिस भई हाजिर हुन आएमा सो दरबन्दीमा करारमा कार्यरत कर्मचारीको करार स्वत: समाप्त हुने र म्याद थप समेत नहुने निर्णय गरियो ।

(२९) निजगढ नगरपालिकाको नगर कार्यपालिकाको बैठकद्वारा नगर सभाद्वारा स्वीकृत चालु आ.ब. २०७६/०७७ को स्वीकृत बजेट, योजना तथा कार्यक्रममा आवश्यक हेरफेर, थपघट, रकमान्तार गर्दै विभिन्न योजना संचालन गर्ने गरी हाल सम्म भए गरेका सम्पूर्ण निर्णयहरु समर्थन गर्दै अनुमोदन गर्ने निर्णय गरियो । साथै. निजगढ नगरपालिकाको विभिन्न क्षेत्रमा नदी कटानमा परी जोखिममा परेका बस्ती, वन क्षेत्र, कृषियोग्य जग्गा जमीनका साथै भौतिक संरचनाहरु जगेर्ना एवं संरक्षण गर्न हाल सम्म भएका बाँध निर्माण एवं नदी नियन्त्रण कार्यमा भएका सम्पूर्ण खर्चहरु समर्थन, अनुमोदन गर्दै भुक्तानी दिने निर्णय गरियो ।

(३०) महालेखापरीक्षकको कार्यालयद्वारा निजगढ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आर्थिक बर्ष २०७५/०७६ को वित्तीय विवरण र सो सँग सम्बन्धित कागजातको अन्तिम लेखापरीक्षण सम्पन्न भएकोमा सो कार्यालयबाट प्राप्त हुन आएको अन्तिम लेखा परीक्षणको प्रतिवेदनमाथि व्यापकरुपमा दफावार छलफल भयो । साथै, सो प्रतिवेदनमा औंल्याएको नियमित गर्नु पर्ने बेरुजु रकम नियमित गर्ने निर्णय गरियो । सो बाहेक असूल उपर गर्नु पर्ने बेरुजु रकमको हकमा प्रक्रिया अघि बढाई यथाशीध्र फर्छयौट गर्ने निर्णय समेत गरियो ।

(३१) नगर कार्यपालिकाको कार्यालय तथा मातहतका सबै कार्यालयहरुको सेवा प्रवाहलाई अधिकतमरुपमा जनमुखी, सेवाग्राहीमैत्री बनाउँदै सुशासन प्रबर्द्धन गर्ने तथा प्रशासनिक खर्चहरुलाई सकेसम्म पारदर्शी एवं मितव्ययी बनाउँदै प्रभावकारीरुपमा प्रतिफलमुखी खर्च व्यवस्थापन गर्ने नीति लिने निर्णय गरियो ।६

(३२) स्थानीय तहको रुपमा यस नगरपालिकाले सम्पादन गर्नु पर्ने संवैधानिक तथा कानूनी काम, कर्तव्य तथा दायित्व निर्वाहमा सघाउ पुर्याउन कानूनी सल्लाह, परामर्श तथा प्रतिरक्षा कार्य लगायतका अत्यावश्यक कार्य गर्न १ जना अधिकृत स्तरको कानूनी जनशक्तिको सेवा करारमा लिने निर्णय गरियो ।

(३३) यस नगरपालिकाको विभिन्न क्षेत्रमा स्थायी रुपमा बस्दै आएका विपन्न तथा सुकुम्बासी घर परिवारहरुलाई नेपाल सरकारबाट विभिन्न मितिहरुमा गठीत आयोग, समिति वा अन्य कुनै आधिकारिक संरचनाबाट वितरण भएको कतिपय जग्गाधनी पूर्जा हालसम्म चलनचल्तीमा आउन नसकेको हुँदा सो जग्गाधनी पूर्जाहरुलाई चलन चल्तीमा ल्याउन सम्बन्धित निकाय वा कार्यालयमा आवश्यक पहल गर्नुका साथै लेखी पठाउने समेत निर्णय गरियो ।

(३४) निजगढ नगरपालिका वडा नं. ९ स्थित रहेका क्रशर उद्योगहरुलाई यस नगरपालिकाले निर्धारण गरी छुट्ट्याएको यस नगरपालिकाको औद्योगिक ग्राम क्षेत्रको पूर्व दक्षिणको उपयुक्त स्थानमा व्यवस्थित गर्ने निर्णय गरियो ।

(३५) यस नगरपालिकामा कार्यरत नगर प्रहरीहरु प्रभावकारी खटनपटन तथा परिचालनका लागि प्रहरी हवल्दार सरहको पारिश्रमिक सुविधा पाउने गरी अवकाशप्राप्त प्रहरी वा सेनाबाट १ जना नगर प्रहरी कमान्डरको सेवा करारमा लिने निर्णय गरियो ।

(३६) नगर सभाको बैठकमा समापन मन्तव्य राख्दै **नगर सभाका अध्यक्ष एवं निजगढ नगरपालिकाको प्रमुख श्री सुरेश कुमार खनालज्यूले** सभामा उपस्थित सम्पूर्ण नगर सभाका सदस्यहरुलाई सक्रिय तथा उत्साहजनक छलफल, सहभागिताका लागि हार्दिक धन्यवाद दिनुभयो । साथै, वहाँले निजगढ नगरपालिकामा क्रियाशील सम्पूर्ण राजनैतिक दलहरु, सरकारी तथा गैर सरकारी निकाय, संघसंस्था, नागरिक समाज, आदरणीय जेष्ठ नागरिकहरु, बुद्धिजीवी वर्ग, कर्मचारी वर्ग, सुरक्षा निकाय एवं सम्बद्ध सबैका साथै निजगढ नगरवासी दिदीबहिनी तथा दाजुभाईहरुले यस नगरपालिकाको विकास तथा परिवर्तनमा पुर्याउनु भएको सहयोग तथा समर्थनका लागि हार्दिक धन्यवाद दिनु हुँदै निजगढ नगरपालिकाको नगर सभाको छैठौं अधिवेशन मिति २०७७ साल श्रावण १८ गते आइतबार अपरान्ह ५:०० बजेबाट अन्त्य भएको घोषणा समेत गर्नुभयो ।